कात्तिक, २०७४

# माध्यमिक तह टिपिडी तालिम पाठ्यक्रम

## नेपाली

नेपाल सरकार

शिक्षा मन्त्रालय

शैक्षिक जनशक्ति विकास केन्द्र

सानोठिमी, भक्तपुर

## विषय सूची


| क्र. स. | विषय वस्तु | पेज नम्बर |
|---|---|---|
| १ | परिचय | १ |
| २ | तालिमको लक्ष्य तथा उद्‌देश्य | २ |
| ३ | तालिमको सक्षमता | २ |
| ४ | तालिमको संरचना | ३ |
| ५ | तालिमको विषय वस्तु | ४ |
| ६ | तालिम कार्यान्वयन कार्यविधि | ९ |
| ७ | तालिम मूल्याङ्कन | १० |
| ८ | परियोजना कार्य | ११ |

## १. परिचय

शैक्षिक जनशक्ति विकास केन्द्रले शिक्षकहरूको पेसागत विकास गर्ने उद्देश्यमा पूर्णता प्रदान गर्ने अभियानका रूपमा शिक्षक पे सागत विकास तालिम कार्य क्रमलाई समसामयिक रूपमा परिमार्जनसहित सञ्चालन गर्दै आएको छ । शिक्षकको पेसागत विकास तालिमको एउटा पक्ष नेपाली भाषा शिक्षण हो । वि द्यालय शिक्षामा नेपाली भाषा अनिवार्य विषयका रूपमा रहेको , नेपाली भाषा नेपालको सरकारी कामकाजको भाषा रहेको, यो भाषा बहुसङ्ख्यक नेपालीहरूले बुझ्ने नेपालका विभिन्न भाषिक समुदायहरूबीचको सम्पर्क भाषासमेत भएकोले यसको महत्त्व स्थापित भएको छ। विद्यालय तहमा नेपाली भाषा शिक्षणमार्फत विद्यार्थीहरूको नेपाली भाषाको बुझाइ , प्रयोग अभ्यास, लिखित र मौखिक अभिव्यक्ति क्षमतालाई शुद्ध र स्तरीय बनाई नेपाली भाषाका माध्यमबाट हुने र गरिने प्रतिस्पर्धामा स्तरीय प्रस्तुतिका लागि सक्षम बनाउनुमा नै यसको महत्त्व रहेको छ ।

पाठ्यक्रम विकास केन्द्रले तयार पारेको माध्यमिक तह नेपाली विषयको पाठ्यक्रमले तय गरेका सक्षमता हासिल गराउन सिकारुलाई प्रदान गरिने भाषिक सिपहरूको प्रभावकारिताका लागि सिकाउने विधि, प्रक्रिया, प्रयोगात्मक क्रियाकलाप व्यावहारिक, वैज्ञानिक र प्रयोजनमूलक हुनु अनिवार्य छ । त्यसका लागि भाषा शिक्षण गराउने शिक्षकको शिक्षण क्षमता बढाउनु अपरिहार्य छ । यिनै कुरालाई दृष्टिगत गर्दै प्रस्तुत पाठयक्रमका संरचनामा मूलतः नेपाली भाषा शिक्षणमा विधाका क्षेत्र र त्यससँग सम्बन्धित विविध क्रियाकलापमा प्रयोगात्मक कौशल , सिपसँग सम्बन्धित क्रियाकलाप, अभ्यास, प्रस्तुतीकरण, पठनबोध, प्रयोगात्मक कार्य, पृष्ठपोषण, सिकाइमा समालोचनात्मक चिन्तन, सिकारुको बौद्धिकताको अवस्था, सहपाठी सिकाइ, सहकार्य, भाषिक सिप शिक्षणमा साहित्यका विधाहरूको उपयोग र भाषिक सिप अभिवृद्धिका क्रियाकलाप आदिको अभ्यास गराउने गरी यो पाठ्यक्रम तयार गरिएको छ ।

तालिम पाठ्यक्रम विकास गर्दा शिक्षकको पेसागत विकासको प्रारुप , २०७२ र शिक्षक सक्षमताको प्रारुप, २०७२ लाई आधारभूत मार्गदर्शनका रुपमा अनुसरण गरिएको छ । विगतको तालिम अभ्यासबाट संश्लेषित शिक्षकका पेसागत माग (needs) तथा परिमार्जित विद्यालय पाठ्यक्रमका कठिन एवम् महत्त्वपूर्ण विषय वस्तुलाई यस पाठ्यक्रमको मुख्य विषयका रुपमा छनोट गरिएको छ।

भाषा शिक्षण गर्नुपूर्व, शिक्षणका क्रममा गरिने (गतिविधि) क्रियाकलाप र शिक्षणपश्चात् गरिने क्रियाकलापसमेत सहजरूपमा सञ्चालन गरी शिक्षकको आत्ममूल्याङ्कन , सिकारुको मूल्याङ्कन,

विशेष आवश्यकता भएका बालबालिकाहरूलाई उपयुक्त हुने क्रियाकलाप र मूल्याङ्कन समेतमा सहजता प्रदान गर्ने अपेक्षासहित यो १० कार्यदिने तालिम कार्य क्रम विद्यालयमा आधारित पाँचदिने परियोजना कार्यसहितका विषय विवरण समावेश गरिएको हुँदा नेपाली भाषा शिक्षण गर्ने शिक्षकहरूलाई यसले सहजता प्रदान गर्ने अपेक्षा गरिएको छ ।

## २. तालिमको लक्ष्य तथा उद्देश्य

माध्यमिक तहको नेपाली भाषा शिक्षणमा संलग्न शिक्षकहरूलाई नेपाली साहित्यका विधाका माध्यमले नेपाली भाषा शिक्षण गर्दा अपनाउने क्रियाकलापका माध्यमबाट नेपाली भाषा शिक्षण गर्दा आइपर्ने समस्याहरूलाई सहजीकरणसहित विद्यार्थीहरूको सिकाइ उपलब्धिमा बढोत्तरी गराउने लक्ष्य रहेको छ ।

तालिमका विषय वस्तु, सहजीकरण विधि र अभ्यासमार्फत सहभागीहरूमा देहायनुसारका उद्देश्य प्राप्ति हुने अपेक्षा गरिएको छः

क) नेपाली भाषा शिक्षणमा कथा , कविता, जीवनी, निबन्ध, रूपक र चिठी विधा शिक्षणका उपयुक्त क्रियाकलापहरूको पहिचान गर्न

ख) विधाअनुसारका क्रियाकलापका विशिष्टताका आधारमा उपयुक्त रणनीति पहिचान गरी तालिम सञ्चालन गर्न

ग) विधाका क्षेत्रअनुसार तोकिएका परियोजना कार्य सम्पन्न गर्न

## ३. तालिम सक्षमता

तालिमपश्चात् शिक्षकहरूमा निम्नअनुसारका सक्षमता विकास हुने छन्ः

क) कथा शिक्षणका क्रियाकलापहरूको पहिचान

ख) कथाका माध्यमबाट सुनाइ कला , शुद्ध उच्चारण, शब्दभण्डार, पठन क्रियाकलाप, बोध, व्याख्या, भावविस्तार, उत्पादन, कथाकथन, समूहकार्य, कथालेखन, प्रस्तुतीकरण क्रियाकलापको प्रयोग

ग) कविता शिक्षणका क्रियाकलापहरूको पहिचान

घ) कविता शिक्षणका माध्यमबाट लयबोध , भावबोध, भावविस्तार, प्रश्नोत्तर, शब्दभण्डार, शब्दार्थ, वर्ण विन्यास, कार्यमूलक व्याकरण, कविता लेखन, प्रस्तुतीकरणका अभ्यास, प्रयोगात्मक कार्य , पृष्ठपोषण, समालोचनात्मक चिन्तन , सहकार्य र भाषिक सिप शिक्षणमा सक्रियता जस्ता क्रियाकलापको प्रयोग

ङ) जीवनी शिक्षणका क्रियाकलापहरूको पहिचान

च) जीवनी विधाका माध्यमबाट जीवनी कथन, प्रश्नोत्तर, शब्दभण्डार, शब्दार्थ, वर्ण विन्यास, कार्यमूलक व्याकरण, घटना टिपोट, व्याख्या, पठन सिप, जीवनी लेखन, प्रस्तुतीकरण जस्ता क्रियाकलापको प्रयोग

छ) निबन्ध शिक्षणका क्रियाकलापहरूको पहिचान

ज) निबन्ध विधाका माध्यमबाट सुनाइ कला , शुद्ध उच्चारण , शब्दभण्डार, पठन क्रियाकलाप, बोध, व्याख्या, भावविस्तार, बुँदाटिपोट, सारांश, वर्णन, कार्यमूलक व्याकरण, समूहकार्य, श्रुतिलेखन, श्रुतिबोध, श्रुतिरचना, अनुच्छेद लेखन, निबन्ध लेखन, प्रस्तुतीकरण जस्ता क्रियाकलापको प्रयोग

झ) रूपक शिक्षण क्रियाकलापहरूको पहिचान

ञ) रूपक विधाका माध्यमबाट अभिनय , नाटकीकरण, सुनाइ कला , शुद्ध उच्चारण , शब्दभण्डार, पठन क्रियाकलाप , बोध, व्याख्या, भावविस्तार, श्रुतिलेखन, श्रुतिबोध, श्रुतिरचना, कार्यमूलक व्याकरण, संवाद, मनोवाद, वादविवाद, दैनिकी लेखन, प्रस्तुतीकरण जस्ता क्रियाकलापको प्रयोग

ट) चिठी शिक्षणका क्रियाकलापहरूको पहिचान

ठ) चिठी विधाका माध्यमबाट चिठीका प्रकार , चिठीका ढाँचा, चिठी, समवेदना लेखन शुद्ध उच्चारण, शब्दभण्डार, कार्यमूलक व्याकरण तथा उत्पादन , प्रस्तुतीकरण जस्ता क्रियाकलापको प्रयोग

## ४. तालिम संरचना

क. यो तालिम १५ दिन अवधिको हुने छ । यसको पहिलो खण्ड १० दिनको तालिम कार्यशाला (Training-workshop) ढाँचामा फेसटुफेस मोडबाट जिल्ला सदरमुकाममा अवस्थित शैक्षिक तालिम केन्द्रमा सञ्चालन हुने छ । यसको दोस्रो खण्ड पाँच दिन अवधिको स्वाध्याय अभ्यास (Self-study exercise) ढाँचामा आधारित हुने छ ।

ख. दोस्रो खण्डको पाँच दिने स्वाध्याय अभ्यास ढाँचाअन्तर्गत प्रशिक्षार्थीले आफू कार्यरत विद्यालयमा आधारित भई चार ओटा परियोजना कार्य ४५ दिनभित्र सम्पन्न गरिसक्नुपर्ने छ । परियोजना कार्यको सबै प्रतिवेदन पहिलो खण्डको तालिम सम्पन्न भएको ५२ दिनभित्र सम्बन्धित शैक्षिक तालिम केन्द्रमा अनिवार्य रुपमा पेस गर्नुपर्ने छ । यसमा मूलत : १० दिने तालिम कार्यशाला खण्डमा सिकाइएका सैद्धान्तिक ज्ञान तथा सिपको व्यावहारिक प्रयोग एवम् प्रशिक्षार्थीको

सिर्जनात्मक र प्रवर्तनात्मक क्षमता प्रदर्शन गर्न उपयुक्त परियोजना कार्य (Project work) तोकिने छ ।

## ५. तालिमका विषय वस्तु

तालिमका निर्धारित उद्देश्य, सक्षमता तथा संरचनासँग अनुकूलित विषय समेटी पाठ्यक्रमिक ढाँचामा विषय वस्तु र खुद तालिम घण्टा संयोजन गरिएको छ ।

| क्र.स. | विषय वस्तु | विषय वस्तुको विस्तृतीकरण | सत्र भार |
|---|---|---|---|
| क. | कथा शिक्षण | | ५ |
| १. | श्रवण तथा पठन अभ्यास | • कथाकथन विधि<br>• सस्वर पठन विधि<br>• मौन पठन विधि<br>• पठन गति मापन | |
| २. | उच्चारण तथा शब्दभण्डार | शब्दोच्चारण, शब्दार्थ, वाक्यमा प्रयोग, शब्द पहिचान, कथा पाठमा प्रयोग भएका विपरीतार्थी, पर्यायवाची, अनेकार्थी र श्रुतिसम भिन्नार्थी शब्दहरूको पहिचान, प्रयोग, समूहकार्य, परियोजना कार्य, प्रस्तुतीकरण तथा पृष्ठपोषण | |
| ३. | वर्णविन्यास | पाठगतरूपमा दिइएका वर्णविन्यासका क्षेत्रहरूको शब्द तथा वाक्यको तहमा प्रयोगात्मक अभ्यास, समूहकार्य, प्रस्तुतीकरण तथा पृष्ठपोषण | |
| ४. | कार्यमूलक व्याकरण | पाठगतरूपमा दिइएका व्याकरणका क्षेत्रहरूको पहिचान र प्रयोगात्मक अभ्यास तथा प्रस्तुतीकरण | |
| ५. | बोधपाठगत प्रश्नोत्तर व्याख्या तथा वर्णन | सङ्क्षिप्त उत्तरात्मक, लामो उत्तरात्मक प्रश्न, व्याख्या, सप्रसङ्ग व्याख्या, भाव विस्तार, वर्णन, तर्क, समस्या समाधान, सारांश लेखन, बुँदाटिपोट, घटनाक्रम मिलान | |
| ६. | स्वतन्त्र रचना | वाक्य रचना, अनुच्छेद रचना, निर्देशित कथा लेखन | |

| | | | |
|---|---|---|---|
| | तथा सिर्जनात्मक अभ्यास | अभ्यासका विभिन्न तरिका, स्वतन्त्र कथा लेखन | |
| ख. | कविता शिक्षण | | ५ |
| १. | श्रवण तथा पठन अभ्यास | लयबोध, पठन गति मापन | |
| २. | उच्चारण तथा शब्दभण्डार | शब्दोच्चारण, शब्दार्थ, वाक्यमा प्रयोग, शब्द पहिचान, कविता पाठमा प्रयोग भएका विपरीतार्थी, पर्यायवाची, अनेकार्थी र श्रुतिसम भिन्नार्थी शब्दहरूको पहिचान, प्रयोग, समूहकार्य, प्रस्तुतीकरण तथा पृष्ठपोषण | |
| ३. | वर्णविन्यास | पाठगतरूपमा दिइएका वर्णविन्यासका क्षेत्रहरूको शब्द तथा वाक्यको तहमा प्रयोगात्मक अभ्यास, समूहकार्य, प्रस्तुतीकरण तथा पृष्ठपोषण | |
| ४. | कार्यमूलक व्याकरण | पाठगतरूपमा दिइएका व्याकरणका क्षेत्रहरूको पहिचान र प्रयोगात्मक अभ्यास तथा प्रस्तुतीकरण | |
| ५. | बोधपाठगत प्रश्नोत्तर व्याख्या तथा वर्णन | सङ्क्षिप्त उत्तरात्मक, लामो उत्तरात्मक प्रश्न, व्याख्या, सप्रसङ्ग व्याख्या, भावबोध, भावविस्तार, वर्णन, तर्क, समस्या समाधान | |
| ६. | स्वतन्त्र रचना तथा सिर्जनात्मक अभ्यास | वाक्य रचना, कविता लेखन अभ्यासका विभिन्न तरिका जस्तै निर्देशितमा दिइएका शब्दका आधारमा कविता निर्माण, स्वतन्त्र कविता रचना, समूहकार्य, परियोजना कार्य, प्रस्तुतीकरण तथा पृष्ठपोषण | |
| ग. | जीवनी शिक्षण | | ५ |
| १. | श्रवण तथा पठन अभ्यास | • जीवनी कथन<br>• सस्वर पठन | |

| | | | |
|---|---|---|---|
| | | • मौन पठन<br>• पठन गति मापन | |
| २. | उच्चारण तथा शब्दभण्डार | शब्दोच्चारण, शब्दार्थ, वाक्यमा प्रयोग, शब्द पहिचान, जीवनी पाठमा प्रयोग भएका विपरीतार्थी, पर्यायवाची, अनेकार्थी र श्रुतिसम भिन्नार्थी शब्दहरूको पहिचान, प्रयोग, समूहकार्य, परियोजना कार्यको प्रस्तुतीकरण तथा पृष्ठपोषण | |
| ३. | वर्णविन्यास | पाठगतरूपमा दिइएका वर्णविन्यासका क्षेत्रहरूको शब्द तथा वाक्यको तहमा प्रयोगात्मक अभ्यास, समूहकार्य, प्रस्तुतीकरण तथा पृष्ठपोषण | |
| ४. | कार्यमूलक व्याकरण | पाठगतरूपमा दिइएका व्याकरणका क्षेत्रहरूको पहिचान र प्रयोगात्मक अभ्यास, समूहकार्य, परियोजना कार्य, प्रस्तुतीकरण तथा पृष्ठपोषण | |
| ५. | बोधपाठगत प्रश्नोत्तर व्याख्या तथा वर्णन | सङ्क्षिप्त उत्तरात्मक, लामो उत्तरात्मक प्रश्न, व्याख्या, सप्रसङ्ग व्याख्या, भाव विस्तार, वर्णन, तर्क, समस्या समाधान, सारांश लेखन, बुँदाटिपोट, घटनावृत्त | |
| ६ | स्वतन्त्र रचना तथा सिर्जनात्मक अभ्यास | वाक्य रचना, अनुच्छेद रचना, निर्देशित जीवनी लेखन, स्वतन्त्र जीवनी लेखन समूहकार्य, परियोजना कार्य, प्रस्तुतीकरण तथा पृष्ठपोषण | |
| घ. | निबन्ध शिक्षण | | ६ |
| १. | श्रवण तथा पठन अभ्यास | • सस्वर पठन<br>• मौन पठन<br>• पठन गति मापन | |
| २. | उच्चारण तथा शब्दभण्डार | शब्दोच्चरण, शब्दार्थ, वाक्यमा प्रयोग, शब्द पहिचान, निबन्ध पाठमा प्रयोग भएका विपरीतार्थी, पर्यायवाची, अनेकार्थी र श्रुतिसम भिन्नार्थी शब्दहरूको पहिचान, | |

| | | | |
|---|---|---|---|
| | | प्रयोग, समूहकार्य, परियोजना कार्य, प्रस्तुतीकरण तथा पृष्ठपोषण | |
| ३. | वर्णविन्यास | पाठगतरूपमा दिइएका वर्णविन्यासका क्षेत्रहरूको शब्द तथा वाक्यको तहमा प्रयोगात्मक अभ्यास, समूहकार्य, प्रस्तुतीकरण तथा पृष्ठपोषण | |
| ४. | कार्यमूलक व्याकरण | पाठगतरूपमा दिइएका व्याकरणका क्षेत्रहरूको पहिचान र प्रयोगात्मक अभ्यास तथा प्रस्तुतीकरण | |
| ५. | बोधः पाठगत प्रश्नोत्तर व्याख्या तथा वर्णन | सङ्क्षिप्त उत्तरात्मक, लामो उत्तरात्मक प्रश्न, व्याख्या, सप्रसङ्ग व्याख्या, भाव विस्तार, वर्णन, तर्क, समस्या समाधान, सारांश लेखन, बुँदाटिपोट | |
| ६. | स्वतन्त्र रचना तथा सिर्जनात्मक अभ्यास | वाक्य रचना, अनुच्छेद रचना, श्रुति लेख, श्रुतिरचना, श्रुति वर्णन, घटना वर्णन, वस्तु वर्णन, यात्रा वर्णन निबन्ध लेखन अभ्यासका विभिन्न तरिका, निर्देशित शीर्षकमा निबन्ध लेखन, स्वतन्त्र निबन्ध लेखन । | |
| ङ | रूपक शिक्षण | | ५ |
| १. | श्रवण, अभिनेयात्मक पठन अभ्यास | • सस्वर पठन<br>• हाउभाउ अभिनेयसहित पठन अभ्यास तथा पठन गति मापन | |
| २. | उच्चारण तथा शब्दभण्डार | शब्दोच्चरण, शब्दार्थ, वाक्यमा प्रयोग, शब्द पहिचान, रूपक पाठमा प्रयोग भएका विपरीतार्थी, पर्यायवाची, अनेकार्थी र श्रुतिसम भिन्नार्थी शब्दहरूको पहिचान, प्रयोग, समूहकार्य, परियोजना कार्य, प्रस्तुतीकरण तथा पृष्ठपोषण | |
| ३. | वर्णविन्यास | पाठगतरूपमा दिइएका वर्णविन्यासका क्षेत्रहरूको शब्द तथा वाक्यको तहमा प्रयोगात्मक अभ्यास, समूहकार्य, | |

| | | | |
|---|---|---|---|
| | | प्रस्तुतीकरण तथा पृष्ठपोषण | |
| ४. | कार्यमूलक व्याकरण | पाठगतरूपमा दिइएका व्याकरणका क्षेत्रहरूको पहिचान र प्रयोगात्मक अभ्यास तथा प्रस्तुतीकरण | |
| ५. | बोध ,पाठगत प्रश्नोत्तर, व्याख्या तथा वर्णन | सङ्क्षिप्त उत्तरात्मक, लामो उत्तरात्मक प्रश्न, व्याख्या, सप्रसङ्ग व्याख्या, भाव विस्तार, वर्णन तर्क, समस्या समाधान, सारांश लेखन, बुँदाटिपोट | |
| ६. | स्वतन्त्र रचना तथा सिर्जनात्मक अभ्यास | संवाद, मनोवाद, वादविवाद, दैनिकी, वक्तृतामा सहभागिता, अभिनय, नाटकीकरणमा सहभागी, अभ्यास तथा प्रस्तुतीकरण, उल्लिखित रूपकका उपविधाहरूको रचना, निर्देशित रूपक लेखन अभ्यासका विभिन्न तरिकाको प्रयोग | |
| च. | चिठी शिक्षण | | ४ |
| १. | श्रवण तथा पठन अभ्यास र चिठीको ढाँचा | • सस्वर पठन<br>• मौन पठन<br>• पठन गति मापन<br>• चिठीको ढाँचाको जानकारी | |
| २. | उच्चारण तथा शब्दभण्डार | शब्दोच्चरण, शब्दार्थ, वाक्यमा प्रयोग, शब्द पहिचान, चिठी पाठमा प्रयोग भएका विपरीतार्थी, पर्यायवाची, अनेकार्थी र श्रुतिसम भिन्नार्थी शब्दहरूको पहिचान, प्रयोग, समूहकार्य, परियोजना कार्य, प्रस्तुतीकरण तथा पृष्ठपोषण | |
| ३. | वर्णविन्यास | पाठगतरूपमा दिइएका वर्णविन्यासका क्षेत्रहरूको शब्द तथा वाक्यको तहमा प्रयोगात्मक अभ्यास, समूहकार्य, प्रस्तुतीकरण तथा पृष्ठपोषण | |
| ४. | कार्यमूलक | पाठगतरूपमा दिइएका व्याकरणका क्षेत्रहरूको | |

| | | | |
|---|---|---|---|
| | व्याकरण | पहिचान र प्रयोगात्मक अभ्यास तथा प्रस्तुतीकरण | |
| ५. | बोध तथा प्रश्नोत्तर | सङ्क्षिप्त उत्तरात्मक, लामो उत्तरात्मक प्रश्न आदि | |
| ६. | स्वतन्त्र रचना तथा सिर्जनात्मक अभ्यास | चिठी रचना, प्रतिवेदन लेखन, विज्ञापनको ढाँचा, निमन्त्रणा तयारी, समवेदना लेखन, चिठी लेखन अभ्यासका विभिन्न तरिका, निर्देशित चिठी लेखन र स्वतन्त्र चिठी लेखन | |
| विविध | | तालिम अभिमुखीकरण, प्रिटेस्ट, पोस्ट टेस्ट, तालिम परीक्षा | २ |
| जम्मा सत्र | | | ३० |

नोट: प्रत्येक सत्र १ घन्टा ३० मिनेटको हुने छ ।

## ६. तालिम कार्यान्वयन कार्यविधि

क. यस तालिमको लक्षित समूहका सम्बन्धमा विगतमा दुई ओटा १० -दिने टिपिडी मोड्युल पूरा गरेका अथवा शुद्धरुपमा तालिम अप्राप्त स्थायी शिक्षकलाई एक महिने तालिमको पूरक कोर्सका रुपमा यस तालिममा सहभागी हुन योग्य मानिने छ ।

ख. तालिमको अन्त्यमा शिक्षकको पेसागत विकास प्रारूप , २०७२ अनुसार परीक्षा सञ्चालन र शैक्षिक जनशक्ति विकास परिषद्को मिति २०७४ /०५/०६ गतेको निर्णयबमोजिम प्रमाणीकरण गरिने छ । तालिमको अन्त्यमा सम्बन्धित शैक्षिक तालिम केन्द्रबाट प्रमाणपत्र प्रदान गरिने छ ।

ग. स्वाध्याय अभ्यास खण्डका लागि तोकिएको परियोजना कार्य सम्पादन गर्न सन्दर्भ सामग्री अध्ययन , विज्ञसँगको परामर्श तथा प्रतिवेदन लेखन गर्नु मूलत : प्रत्येक प्रशिक्षार्थीको निजी दायित्व हुने छ । यस कार्यका लागि प्रशिक्षार्थीलाई आवश्यक परेमा ईमेल वा फोनमार्फत वा प्रत्यक्ष भेट गरी सम्बन्धित प्रशिक्षकबाट मार्गदर्शन प्राप्त गर्ने सुविधा उपलब्ध हुने छ ।

घ. तालिम सहजीकरण गर्दा देहायअनुसारका न्यूनतम विधिगत मापदण्ड पूरा गर्नुपर्ने छः

- शैक्षिक तालिम केन्द्र का विज्ञ प्रशिक्षकबाट तालिम सत्र सञ्चालन गरिने छ ।

विषयको प्रकृतिअनुसार यस विषयका क्षेत्रमा लामो अनुभव भएका व्यक्ति तथा सम्बन्धित निकायका पदाधिकारीलाई प्रशिक्षक बनाउन सकिने छ ।

- सूचना तथा सञ्चार प्रविधि तथा सान्दर्भिक तालिम सामग्री प्रयोग गर्दै छलफल, अन्तरक्रिया, अनुभव, घटना वा मामला अध्ययन, समूहकार्य तथा प्रस्तुति, स्थलगत भ्रमणलगायतका विधिको अवलम्बन गरिने छ ।
- तालिमका क्रममा तोकिएको तालिम प्याकेज लगायतका सन्दर्भ सामग्री प्रत्येक सहभागीलाई वितरण गरिने छ ।

## ७. तालिम मूल्याङ्कन

क. तालिमसम्पन्न गरेपछि प्रशिक्षार्थीको उपलब्धि मूल्याङ्कन गर्न देहायअनुसारका मूल्याङ्कन अङ्गगत अङ्कभार अनुसरण गर्नुपर्ने छ :

**मूल्याङ्कनका अङ्गगत अङ्कभार**

| क्र. स. | मूल्याङ्कनका अङ्ग | अङ्क भार |
|---|---|---|
| १ | नियमितता, सहभागिता र सक्रियता | ५ |
| २ | सिर्जनात्मक तथा प्रवर्तनात्मक कार्य | १० |
| ३ | लिखित परीक्षा | २५ |
| ४ | स्वाध्याय अभ्यासअन्तर्गत चार ओटा परियोजना कार्य (२.५*४) | १० |
| | जम्मा | ५० |

- प्रत्येक अङ्गको उत्तीर्णाङ्क ५० प्रतिशत हुने छ ।

| क्र.स. | प्राप्ताङ्क | श्रेणी |
|---|---|---|
| १. | ९०% र सोभन्दा माथि | विशिष्टतासहित प्रथम श्रेणी |
| २. | ८०% भन्दा माथि र ९०% भ न्दा कम | प्रथम श्रेणी |
| ३. | ६५% भन्दा माथि र ८ ०% भ न्दा कम | द्वितीय श्रेणी |
| ४. | ५०% भ न्दा माथि र ६५ % भ न्दा | तृतीय श्रेणी |

| | कम | |
|---|---|---|
| ५. | ५०% भन्दा कम | असफल |

ख. लिखित परीक्षाका प्रश्नपत्र निर्माण गर्दा देहायअनुसारको विशिष्टीकरणा तालिका अवलम्बन गर्नुपर्ने छ :

| क्र. स. | प्रश्नको प्रकार | प्रश्न सङ्ख्या | प्रतिप्रश्न अङ्कभार | पूर्णाङ्क |
|---|---|---|---|---|
| १ | बहुवैकल्पिक | १० | ०.५ | ५ |
| २ | सङ्क्षिप्त उत्तरात्मक | ५ | ३ | १५ |
| ३ | समस्यामूलक | १ | ५ | ५ |
| | जम्मा | १६ | - | २५ |

## ८. परियोजना कार्य (Project work)

तालिम कार्यशाला खण्ड सम्पन्न गरेपछि सञ्चालन गरिने दोस्रो स्वाध्यय अभ्यास खण्डमा प्रत्येक प्रशिक्षार्थीले देहायअनुसारको विशिष्टीकरण मापदण्डबमोजिम परियोजना कार्य सम्पादन गर्नुपर्ने छः

### परियोजना कार्य विशिष्टीकरण मापदण्ड

स्वाध्याय अभ्यास खण्डका लागि जम्मा छ ओटा परियोजना कार्य निर्धारण गरिएको छ। जसमा परियोजना-१ र परियोजना-२ अनिवार्य रहेका र बाँकीमध्ये कुनै दुई ओटा गरी जम्मा चार ओटा परियोजना कार्य सबै सहभागीले सम्पादन गर्नुपर्ने छ । प्रत्येक परियोजनाको परिणामका (Output) रूपमा प्रत्येक प्रशिक्षार्थीले प्रतिवेदन स्वरुपको अलगअलग प्रतिवेदन दस्तावेज शैक्षिक तालिम केन्द्रसमक्ष अनिवार्य रुपमा पे स गर्नुपर्ने छ ।

**परियोजना कार्य-१: पाठयोजनामा आधारित शिक्षण अभ्यास**

क) फरक फरक १० ओटा पाठहरूको पाठयोजना तयारी गर्ने

ख) प्रत्येक पाठयोजनाका आधारमा शैक्षिक सामग्री विकास गर्ने

ग) प्रधानाध्यापकबाट सबै पाठयोजना प्रमाणित गराउने

घ) पाठयोजनाका आधारमा कार्यतालिकाबद्ध शिक्षण अभ्यास गराउने


ङ)	प्रत्येक पाठ शिक्षणपछि विद्यार्थीको पृष्ठपोषण सङ्कलन गर्ने

च)	परिमार्जित पाठयोजना अन्तिमीकरण गर्ने

नोटः अन्य परियोजना कार्यले नसमेटेका विषय वस्तु शिक्षणका लागि मात्र पाठयोजना तयार गर्ने

**परियोजना कार्य-२ कार्यमूलक अनुसन्धान**

शिक्षकले आफ्नो कार्यसम्पादन सुधारका लागि कुनै एउटा विषय क्षेत्रमा विद्वान् Kurth Lewis द्वारा प्रतिपादित निम्नलिखित चक्रअनुसार कार्यमूलक अनुसन्धान गरी सोको प्रतिवेदन तयार पार्नुपर्ने छ :




**परियोजना कार्य-३ पठन गति मापन**

क)	कक्षा ९ का कम्तीमा पाँच जना विद्यार्थीहरूलाई कथाका निश्चित अनुच्छेद तोकी सस्वर पठन गर्न लगाउने

ख)	निश्चित समय तोकी कथाको भावअनुसार सस्वर पठन गर्न लगाउने

ग)	विद्यार्थीहरूले गरेको सस्वर पठनको अवलोकन गर्ने

घ)	शुद्ध र भावअनुसारको पठन गतिको मापन गर्ने

ङ)	पठनमा देखिएका त्रुटि र तिनको कारण पहिचान (विद्यार्थीहरूसँगको छलफलका आधारमा) गर्ने

च)	शुद्ध र भावअनुसारको पठन गति सुधारका लागि व्यावहारिक उपायहरूको सूची तयार गर्ने

**परियोजना कार्य-४: पहिलो र दोस्रो नेपाली भाषी विद्यार्थीका बीच उच्चारण अभ्यासको तुलना**

क)	जीवनी विधाका पाठ्यवस्तुभित्रका उच्चारणका दृष्टिले समस्यापूर्ण शब्दहरूको सूची तयार गर्ने

ख)	सूचीकृत शब्दहरूलाई पहिलो र दोस्रो नेपाली भाषी विद्यार्थीहरू छनोट गरी उच्चारण अभ्यास गराउने

ग)	अभ्यास गराउँदा टिपोट गरिएका शब्दको उच्चारण र त्रुटिक्षेत्र पहिचानको अभिलेख राख्ने

घ)	पहिलो र दोस्रो भाषा नेपाली भएका विद्यार्थीहरूबीच उच्चारण अभ्यासको तुलना गर्ने

ङ)	पहिलो र दोस्रो भाषीकाबीचको उच्चारण र त्रुटिक्षेत्रबीचको अन्तर हुनुको कारण पहिचान गर्ने

च)	पहिलो र दोस्रो भाषीका बीचको उच्चारण र त्रुटिक्षेत्र सुधारका लागि व्यावहारिक उपायहरूको सूची तयार गने

**परियोजना कार्य - ५: कविता शिक्षणमा लयबोध शिक्षण क्रियाकलाप**

क)	लयबोधका लागि तयारी गर्ने

ख)	लयबोध गराउने तरिकाको सूची बनाउने

ग)	लयबोधको अभ्यास गर्ने

- ✓ नमुना लय सुनाउने
- ✓ समूहमा गायन अध्यास
- ✓ युगल गायन अभ्यास
- ✓ एकल गायन अभ्यास

घ)	विद्यार्थीहरूले गरेको लय वाचनको अवलोकन गर्ने

ङ)	शुद्ध र भावअनुसारको लय वाचनको मापन गर्ने

च)	लय वाचनमा देखिएका त्रुटि र तिनको कारण पहिचान गर्ने

छ)	शुद्ध र भावअनुसारको लय वाचन सुधारका लागि व्यावहारिक उपायहरूको सूची तयार गर्ने

**परियोजना कार्य-६: कथा र जीवनी शिक्षण क्रियाकलापबिचको तुलना**

क)	कथा र जीवनी शिक्षण क्रियाकलापहरूको फरक फरक सूची सङ्कलन गर्ने

ख)	कथा र जीवनी शिक्षण क्रियाकलापहरूको अध्ययन गर्ने

ग) कथा र जीवनी शिक्षणका समान र भिन्न क्रियाकलापहरूको छुट्टाछुट्टै सूची तयार गर्ने

घ) कथा र जीवनी शिक्षण क्रियाकलापहरूका बीचका समानता र भिन्नताको विश्लेषण गर्ने

ङ) समानता र भिन्नताको विश्लेषण गरी यसो हुनुका कारणको पहिचान गर्ने

च) शिक्षण सिकाइमा यसको उपयोगिताको जानकारी गराउने

ΩΩΩ